जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २४९ २०८३ साल बैशाख २९ गते मंगलबार (12 May 2026 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : आगामी आर्थिक वर्षको नीति तथा ... ४ पृष्ठमा : हराइरहेका तीन जना ... ४ पृष्ठमा : अग्निपीडितलाई उद्योग ...

# हरवा चरवाको ज्याला निर्धारण गर्ने माग



**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**

हरवा चरवालाई समयानुकूल ज्याला निर्धारण, मर्यादित श्रम र सुरक्षा प्रदान गर्न माग गरिएको छ । नागरिकता तथा अन्य परिचयपत्रको अभावमा विभिन्न सेवा सुविधाबाट बञ्चित भई कष्टकर जिवन बिताउन बाध्य उनीहरुलाई ज्याला निर्धारण, श्रम र सुरक्षा प्रदान गर्न माग गरिएको हो ।

मुक्त हरवा चरवा अधिकार मञ्चले सोमबार सप्तरी र ाजविराजमा आयोजना गरेको "हरवा चरवा श्रमिकको अवस्था, ज्याला, मर्यादित श्रम र सुरक्षा" विषयक जिल्लास्तरीय कार्यशाला गोष्ठिमा सहभागी हरवा चरवाका अगुवाहरुले गुनासोसहित उक्त माग गरेका छन् ।

कार्यक्रममा मुक्त हरवा चरवा अधिकार मञ्चका केन्द्रिय अध्यक्ष दशन मंडलले हरवा चरवाको दयनिय अवस्थालाई ख्याल गरी राज्यले श्रम अनुसारको ज्याला निर्धारण गरी कडाईका साथ कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

यस्तै राष्ट्रिय दलित नेटवर्कका कार्यकारी निर्देशक हुकुम सार्कीले साहु महाजनको खेतबारीमा काम गर्ने र बस्तुभाउ चराएपछि पाइने न्यून ज्यालाले हरवा चरवा परिवारलाई आफ्नो परिवार पाल्न निकै कष्ट झेल्नु परिरहेको भन्दै सरकारले सम्मानजनक पारिश्रमिक निर्धारण गर्नुपर्ने माग गरे ।

द फ्रिडम फण्डका कानुनी सल्लाकार बालाराम भट्टराईले सरकारले २०७९ साउन २ गतेका दिन औपचारिक रुपमा हरवा चरवा मुक्तिको घोषणा गरेको भएपनि व्यवहारमा भने लागु नहुँदा हरवा चरवाको अवस्था दशकौं देखि ज्यु का त्यू रहेको बताए ।

श्रीपुर्राज सामुदायिक विकास केन्द्रका कार्यकारी निर्देशक बिनोदानन्द चौधरीले हरवा चरवा परिवारको आफ्नै नामको जग्गा नहुँदा बसोबासको असुरक्षा भएको भन्दै सुरक्षित बास र परिवार संख्याका आधारमा जग्गा सहित पुनःस्थापित गराउनुपर्ने माग गरे ।

द फ्रिडम फण्का कार्यक्रम सल्लाहकार ब्रहमदेव रामले मजदुरीका अन्य क्षेत्रमा सरकारले जिल्ला दररेट कायम गरेको भएपनि कार्यान्वय नभएको तथा कृषि क्षेत्रमा काम गर्ने मजदुरको ज्याला सन्दर्भमा कुनै दररेट कायम हुन सक्दा हरवा चरवा श्रम शोषणमा पर्ने गरेको भन्दै यसतर्फ राज्यको ध्यान जानुपर्ने आवश्यकता औल्याए ।

द फ्रिडम फण्डको सहयोग तथा जनचेतना दलित संगम सप्तरी, श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरी, सामुदायिक सुधार केन्द्र धनुषा, दलित जनकल्याण युवा क्लव सिरहा र राष्ट्रिय दलित नेटवर्कको समन्वय र सहकार्यमा आयोजित कार्यक्रममा मुक्त हरवा चरवा मञ्चका केन्द्रिय कोषाध्यक्ष राजवती मंडल, गैसस महासंस सप्तरीका उपाध्यक्ष बलदेव मंडल, सामुदायिक सुधार केन्द्रका सतिश कुमार ठाकुर, कासिन्द्र महरा लगायतले पनि बोल्दै हरवा चरवा लाई सम्मानपुर्वक जिवनयापनका लागि राहतका विशेष कार्यक्रमहरु ल्याउनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा सहभागि हुन आयोजकले १८ वटै पालिकाका प्रमुख, उपबस्-प्रमुख, वडाध्यक्ष, प्रशासकीय अधिकृत, प्रमुख जिल्ला अधिकारी र प्रमुख अतिथिको रुपमा जिल्ला समन्वय समितिका प्रमुखलाई पत्राचार गरी आमन्त्रण गरेको थियो । जनप्रतिनिधको नाममा कार्यक्रममा शम्भुनाथ नगरपालिका वडा नम्बर ४ का वडाध्यक्ष विजय साह मात्र सहभागि थिए ।

# घुस लिएको अभियोगमा मुद्दा दायर

**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल विद्युत् प्राधिकरण सप्तरीको कञ्चनपुर वितरण केन्द्रका प्रमुख महेन्द्रकुमार दासविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

चार्जिङ स्टेशनका लागि ट्रान्सफर्मर राखी लाइन छाडिदिने प्रयोजनार्थ सेवाग्राहीसँग एक लाख ४० हजार रुपैयाँ घुस लिँदै गरेको अवस्थामा आयोगको टोलीले केही दिन पहिले पक्राउ गरेको थियो ।

आयोगले आरोपी दासविरुद्ध बिगोबमोजिम कारबाहीको माग गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

# छुरा प्रहारबाट युवकको हत्या

**दैनिक समाचारदाता**
**सुनसरी, २८ बैशाख ।**

धरानमा धारिलो छुरा प्रहारबाट एक जना युवकको मृत्यु भएको छ । आइतबार धरान उपमहानगरपालिका-१९ मा स्थानीय युवाहरूबीच भएको सामान्य विवादका क्रममा छुरा प्रहार हुँदा धरान उपमहानगरपालिका-१० का २८ वर्षीय जीवन भुजेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

गम्भीर घाइते भएका भुजेललाई उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको थियो । त्यहाँ उपचार सम्भव नभएपछि विराटनगरस्थित विराट नर्सिङहोम लगिएकामा उपचारका क्रममा आइतबार दिउँसो भुजेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख केशवकुमार थेवेले जानकारी दिए ।

घटनामा छुरा प्रहार गर्ने धरान उपमहानगरपालिका-१९ का अर्जुन विश्वकर्मा फरार रहेकाले खोजी कार्य तीव्र पारिएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**लागुऔषध**

नशा होइन समाधान
यसले खोस्छ सबै इज्जत-सम्मान
परिवार अनि भविष्य सम्झेर लागुऔषधलाई
"हुदैन" भान ।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

साथी लोभ्याउँछ एकचोटी, पछि तिमी खान्छौ आफै
कति चोटीदृढ बनौ, इन्कार गरौं, दुर्व्यसनबाट
टाढा रहौं ।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

सुन, गुन, बिचार गर
"होइन" भने नशा र दुव्यर्सनलाई
"हो" भन घरपरिवार अनि भविष्यलाई ।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

